REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 8.01.2025

<u>गड़करी रोड सेफ्टी</u>

केन्द्रीय सड़क परिवहन तथा राजमार्ग मन्त्री श्री नितिन गड़करीले भन्नुभएको छ दुई हजार चौबिस सालमा सड़क दुर्घटनामा परेर देशमा लगभग एक लाख अस्सी हजार मानिसहरूको मृत्यु भएको छ।

श्री गड़करीले हिजो नयाँ दिल्लीमा सबै राज्य र केन्द्रशासित प्रदेशहरूका मन्त्रीहरूसित सड़क सुरक्षामाति आयोजित बैठकपछि पत्रकार सम्मेलन गर्नुभयो ।

हेलमेट नलाएका कारणले लगभग तीस हजार मानिसहरूको ज्यान गएको कुरो बताँउदै उहाँले भन्नुभयो छ्यासठी प्रतिशत मृत्यु अठारदेखि चौंतिस आयुर्वगका मानिसहरूको भएको छ।

यसै गरी स्कूल र कालेजहरूको अघिल्तिर उचित व्यवस्था नभएको कारणले लगभग दस हजार नानीहरूको मृत्यु भएको छ।

सड़क दुर्घटना पीड़ितहरूका लागि क्याशलेस(Cashless) उपचार योजना शुरू गरिएको जानकारी दिँदै श्री गड़करीले भन्नुभयो योजना अन्तर्गत सड़क दुर्घटना पीड़ितहरूलाई अधिकतम डेढ़ लाख रूपियाँ सम्मको सहायता प्रदान गरिनेछ। हिट एण्ड रन मामिलामा मृतकहरूलाई लगभग दुई लाख रूपैँया दिइनेछ।

केन्द्रीय मन्त्रीले समग्र भारतमा चालक प्रशिक्षण संस्थान स्थापित गर्ने एउटा योजनाको पनि घोषणा गर्नुभयो।

श्री गड़करीले भन्नुभयो सबै राज्य र केन्द्रशासित प्रदेशहरूका परिवहन मंत्रीहरूसित बसेको बैठकमा सड़क सुरक्षामाथि प्राथमिक रूपमा बिचारविमर्श भयो परिवहन क्षेत्रमा परिवर्तनबारे उहाँले भन्नुभयो बैठकमा सबै मुद्दा, यसको समादान अनि सड़क र परिवहन क्षेत्रमा विकासका उपायहरूबारे चर्चा भयो।

स्टेड गभर्नर निटिभिकेसन

राज्य सरकारले भनेको छ राज्यमा सबै रेस्टुरेन्ट र पबहरू राती एघार बजीसम्ममा बन्ध गरिनुपर्छ।

एक्काइस वर्षभन्दा कम्ती उमेरका मानिसहरूलाई रेस्टुरेन्टहरूमा प्रवेशमाथि प्रतिवन्ध लगाइएको छ र स्कूल युनिफर्ममा हुने विद्यार्थीहरूलाई पनि यस्ता प्रतिष्ठानहरूमा जान निषेध गरिएको छ।

शहरी विकास विभागद्वारा आज जारी अधिसूचनामा कम्ती उमेरका व्यक्तिहरूका लागि असीमित मादक पदार्थ उपलब्ध हुने कुरोमाथि चिन्ता व्यक्त गरिएको छ र भनिएको छ यस प्रकारको चलन सांस्कृतिक मूल्य सामाजिक मानदण्ड र विशेष गरी सिक्किमका युवाहरूको स्वास्थ्यका लागि उचित होइन।

सिक्किम व्यापार लाइसेन्स तथा विविध प्रावधान नियम 2011 को धारा 13 अन्तर्गत यी नियमहरूको उल्लघंन गर्ने व्यक्तिहरूमाथि पचास हजार रूपियाँ जरिमाना लगाउनका साथै, व्यापार लाइसेन्स रद्द गर्न सकिनेछ।

अधिसूचनामा जनाइए अनुसार सामाजिक मूल्य र युवाहरूको कल्याण गर्ने उद्देस्यले लागू गरिएको नयाँ  नियम सारा राज्यमा तत्काल प्रभावी भएको छ।

नाम्प्रिकदाङ नासूङ फेस्टिभल

राज्य स्तरीय नाम्सूङ उत्सव समारोह अप्पर जंगुको नाम्प्रिकदाङमा आँउदो शुक्रवार दस जनवरीदेखि शुरू हुनेछ।

पारम्परिक खेल, सांस्कृतिक कार्यक्रम र पारम्परिक पानपकवान प्रदर्शनी तीन दिने लामो उत्सवका आकर्षण रहनेछन्।

उन्नाइस सय छ्यात्तर सालदेखि नाम्प्रिकदाङमा नाम्सूङ उत्सव वर्षेनी आयोजन भइरहेछ। समापन समारोहमा मुख्य मन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथिको रूपमा उपस्थित रहनुहुने आशा छ।

यसैबीच समाज कल्याण मन्त्री श्री साम्डुप लेप्चा र बन मन्त्री तथा जंगुका विधायक पिन्छो नाम्गेल लेप्चाले आज उत्सवको तयारीबारे जानकारी दिनुभयो।

## रेलवे प्रोजेक्ट

पश्चिम बंगाल र सिक्किमबीच सम्पर्क व्यवस्था बढाउने सिभोक रम्फु रेल परियोजना कार्य द्रत गतिमा अघि बढिरहेछ।

यस परियोजनाको छुट्टै विशेषता कालिझोड़ामा स्पातको पूल निर्माण हुनेछ जो धेरै लामो उन्नत निर्माण तकनिक र ढाँचाको हुनेछ।

दुई हजार छब्बीस सालसम्ममा पूरा गरिने कार्यक्रम रहेको यस परियोजनाबाट क्षेत्रको परिवहन व्यवस्थामा परिवर्तन देखिने क्षमता रहेको बताइन्छ।

## आरजिएम

राष्ट्रिय गोकुल मिशन अन्तर्गत गेजिङ जिल्लाको योक्सम पशुचिकित्सा सेवा परिसरमा हिजो चौंरी पालकहरूका लागि जागरूकता कार्यक्रम आयोजित भयो।

पशुपालन तथा पशुचिकित्सा सेवा विभागद्वारा आयोजना गरिएको कार्यक्रममा चौंरी गाई पालन सम्वन्धमा जानकारी प्रदान गर्नका साथै चौंरी पालकहरूलाई चौंरीका लागि उच्च ऊर्जा दिने खाद्यन्न वितरण गरियो।

कार्यक्रममा मन्त्री तथा क्षेत्र विदायक श्री टी टी भुटिया, विभागका अधिकारीहरू र पञ्चायतहरूको उपस्थिती उपस्थिती थियो।

## डब्लू डब्लू एफ

सिक्किमका बाइस बर्षिय एथलिट प्रीतम बराइलीले कोलकातामा आयोजित राष्ट्रिय स्तरको डब्लू डब्लू एफ प्रतियोगितामा आफ्नो प्रदर्शनीद्वारा राज्यलाई गौरबान्वित तुल्याएका छन्।

प्रतिष्ठित वल्ड फिटनेस फेडेरेसन 2025 मा प्रतित्पर्धा  गर्दै उनले जुनियर मेन्स् फिजिक वर्गमा स्वर्ण पदक प्राप्त गरे।

यसै गरी एकसय पैतिस सेन्टिमिटर र यसभन्दा माथि सिनियर ओपन मेन्स् फिजिक वर्गमा प्रीतम बराइलीलाई काँस्य पदक प्राप्त भएको छ।

## क्रिकेट

महिला Under 23 T 20 ट्रफी अन्तर्गत आज रायपुरमा भएको क्रिकेट म्याचमा सिक्किमको टीमले अरूणाचल प्रदेशको टीमलाई त्रिसाठी रनले हरायो।

राज्यको टीमले टस जितेर पहिले ब्याटिङ गर्यो।

## फुटबल

छुजाचेन समष्टिले राज्य स्तरीय फुटबल टुर्नामेण्टमा पाकिम जिल्लाको प्रतिनिधित्व गर्नेछ।

अन्तर समष्टि (पुरूष) फुटबल टुर्नामेण्टको जिल्ला स्तरीय प्रारम्भिक चरणको खेल अन्तर्गत आज पाकिम सेन्ट जेभियर्स स्कूल मैदानमा भएका फाइनल म्याचमा छुजाचेन टीमले नाम्चेबुङलाई परास्त गर्यो।

टुर्नामण्टको आयोजना जिल्लाको खेल तथा युवा मामिला विभागले गरेको थियो।

पाकिम जिल्लाका पाँचवटा समष्टिबीच प्रतियोगिता यसै महीना छ तारीक आरम्भ भएको थियो।

## वेदर

राज्यमा हिजो साँझ पानी परेपछि उचाईयुक्त क्षेत्रहरूमा हिमपात भयो। लाचेन, लाचुङ र जुलुक र अन्य केही ठाउँहरूमा हिउँ पर्नाले जाड़ोको प्रकोप बढ्न गयो।

तथापि गान्तोक र वरपर क्षेत्रहरूमा आज दिन घमाइलो भएकाले अधिकतम तापमान चौध दशमलउ तीन डिग्री सेल्सियस रेकार्ड गरियो।